नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

*मिति: २०६६।११।९*

विश्व बैंकको उपाध्यक्ष इशावेल गुइरेरोको नेतृत्वमा नेपाल भ्रमणमा रहेको एक उच्चस्तरीय टोलीले आज माननीय ऊर्जा मन्त्री डा. प्रकाश शरण महतज्यूसँग भेटवार्ता गरेको छ । उक्त भेटवार्तामा विश्व बैंक तथा ऊर्जा मन्त्रालय, नेपाल सरकारबीच ऊर्जा क्षेत्रको समग्र विकास सन्दर्भमा द्विपक्षीय सहयोग सन्दर्भमा छलफल भयो । विश्व बैंकको सहयोगमा हाल सञ्चालित आयोजनाहरुको प्रगति समेतको लेखाजोखा गर्दै भविष्यमा विश्व बैंकको सहयोगमा सञ्चालन हुने गरिने आयोजनाहरु जस्तै नेपाल-भारत अन्तरदेशीय प्रसारण लाइन, नेपालको प्रसारण लाइनको सञ्जालको सुदृढीकरण आयोजना, काबेली-ए जलविद्युत आयोजना, एकीकृत जलश्रोत विकास गुरुयोजनाको कार्यान्वयन द्रुततर गतिमा गर्ने सन्दर्भमा छलफल भएको थियो । देशको विद्यमान् विद्युत संकट निवारणका लागि ठूला जलविद्युत आयोजनाहरुमा लगानी गर्न विश्व बैंकले प्रतिबद्धता व्यक्त गरेको छ । उक्त बैठकमा माननीय मन्त्रीज्यूबाट ऊर्जा क्षेत्रमा विश्व बैंकको सहयोग उत्साहजनक रहेको र आगामी दिनमा विद्युत प्रसारण आयोजना तथा सार्वजनिक क्षेत्रबाट प्रबर्द्धन गरिने ठूला क्षमताका जलविद्युत आयोजनामा विश्व बैंकको तथा यसका व्यापारिक अंगहरुबाट समेत निजी क्षेत्रमा प्रबर्द्धन गरिने जलविद्युतमा सहयोगको अपेक्षा गर्नु भएको थियो ।

**(श्रीरञ्जन लाकौल)**
सहसचिव